ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनुका साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipost.com

खुशीको खबर !
"सीप सिकौं आत्मनिर्भर बनौं।"
हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक डिजाइनका कपडाहरु सिलाई गरिन्छ।
वबी बुटिक
एल.एन.चौक, धनगढी
मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९

बजेट २०८२/८३ : संघर्ष र सम्भावनाको यात्रा ②
बजेट २०८२/८३ : संघर्ष र सम्भावनाको यात्रा ③
शैक्षिक गुणस्तर सुधारका लागि कन्चनपुरमा सुझाव सङ्कलन ④

वर्ष २३ अंक २४२ वि.सं. २०८२ जेठ २५ गते आइतबार (June 8, Sunday 2025) मुल्य रु. ४/- पेज -४

### धनगढी – गौरीफन्टा र बैतडीको झुलाघाटमा कोरोना परिक्षण

# चार दिनमा १३ मा कोरोना संक्रमण पुष्टि

**पोष्ट संवाददाता**

धनगढी । सुदुरपश्चिमका नाकाहरुमा भारतबाट नेपाल फर्किरहेकाहरुमा शनिबार गरिएको एन्टिजेन परिक्षणमा चार जनामा कोरोना संक्रमण पुष्टि भएको छ। पछिल्लो चार दिनमा धनगढीको गौरीफन्टा र बैतडीको झुाघाटनाका गरिएको परिक्षणमा १३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

धनगढी स्थित गौरीफान्टा नाकामा शनिबार गरिएको परिक्षणमा ३ जना र बैतडीको झुलाघाट नाकामा गरिएको परिक्षणमा १ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

धनगढी स्थित गौरीफन्टा नाकामा ३० जनामा गरिएको परिक्षणमा ३ जनामा संक्रमण देखिएको सुदुरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका महामारी सम्पर्क व्यक्ति हेमराज जोशीले बताए। बैतडीको झुलाघाटमा एक जनामा एन्टिजेन परिक्षण गरिएको थियो।

जोशीका अनुसार भारतबाट आइरहेकाहरु मध्य सीमामा सोधपुछ गर्दा कोभिडसँग मिल्दो जुल्दो लक्षण रहेकाहरुको एन्टिजेन परिक्षण गरिएको हो।

यसअघि धनगढी स्थित गौरीफन्टा नाकामा जेठ २३ गते ३० जानाको परिक्षणमा ५ जना, जेठ २२ गते ६ जनाको एन्टिजेन परिक्षण गर्दा १ जनामा र जेठ २१ गते ३० जनाको परिक्षण गर्दा ५ जनामा र कोरोना संक्रमण पुष्टि भएको थियो।

जोशीका अनुसार भारतबाट आइरहेकाहरु मध्य सीमामा सोधपुछ गर्दा कोभिडसँग मिल्दो जुल्दो लक्षण रहेकाहरुको एन्टिजेन परिक्षण गरिएको हो।

## कस्तो छ पुर्व तयारी ?

धनगढी। पछिल्ला चार दिनमा सुदुपश्चिमका नाका भएर नेपाल फर्किरहेका १३ जनामा कोरोना संक्रमण देखिएको छ। धनगढी स्थित गौरीफन्टानाका र बैतडीको झुलाघाट नाकामा गरिएको परिक्षणमा संक्रमण पुष्टि भएको हो।

भारतमा कोभिडको जोखिम बढेसँगै नेपालको सुदुरपश्चिममा सतर्कता अपनाउनु पर्ने हो। तर अझै पनि प्रदेशको भारत बढी आवतजावत हुने महेन्द्रनगर गड्डाचौकी नाकामा कोरोनाको परिक्षण शुरु हुन सकेको छैन। एन्टिजेन कीटको अभाव हुदा महेन्द्रनगरमा परिक्षण हुन नसकेको हो।

सुदूरपश्चिम प्रदेशको पश्चिम र दक्षिण सीमा भारतसँग जोडिएको छ। विशेषगरी कैलालीको त्रिनगर र कञ्चनपुर जिल्लाको गड्डाचौकी नाका हुँदै दैनिक सयौं व्यक्ति नेपाल भित्रिरहेका छन्। भारतमा कोभिड देखम परेसँगै सीमामा सतर्कता अपनाइए पनि परीक्षणका लागि चाहिने आवश्यक सामग्रीको अभावले चुनौती थपिएको छ।

हाल सीमामा तत्काल परीक्षणका लागि प्रयोग हुने एन्टिजेन किटको अभाव छ। प्रदेश स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी धर्मानन्द गिरी भन्छन् 'कोरोना सङ्क्रमणको जोखिम बढेको यथार्थ हो। तर किट नभएकाले परीक्षणको काम प्रभावकारी रूपमा गर्न सकिएको छैन।'

गिरीका अनुसार अहिले हेल्थ डेस्कमार्फत शङ्का लागेका तथा लक्षण देखिएकाहरूको स्वाब सङ्कलन गरी जनस्वास्थ्य प्रयोगशाला धनगढीमा पीसीआर परीक्षणका लागि पठाइँदैछ।

सुदूरपश्चिम प्रदेश सरकारले भारतसँग जोडिएका मुख्य नाकाहरू कैलालीको त्रिनगर र टीकापुर, कञ्चनपुरको गड्डाचौकी, बैतडीको झुलाघाट र दार्चुलाको खलंगा नाकामा हेल्थ डेस्क स्थापना गरेको छ। हरेक डेस्कमा पाँच-पाँच जना गरी कुल २५ जना स्वास्थ्यकर्मी परिचालन गरिएको छ। उनीहरू नाकामा आउने व्यक्तिको प्रारम्भिक स्वास्थ्य परीक्षण, लक्षणको निगरानी तथा सचेतनामूलक कार्यमा खटिएका छन्।

तर, परीक्षण किट र आवश्यक पूर्वाधार अभावका कारण उनीहरूको काम सीमित भएको देखिन्छ। स्वास्थ्यकर्मीहरूका अनुसार पीसीआर परीक्षणमा समय लाग्ने र परीक्षणको सङ्ख्या सीमित भएकाले वास्तविक जोखिमको मूल्याङ्कन गर्न गाह्रो भइरहेको छ। हाम्रो बजेट निर्माणको प्रक्रिया चलिरहेको छ, तर

सामाजिक बिकास मन्त्री मेखराज खड्का महामारी व्यवस्थापनका लागि छुट्ट्याइएको कोष मार्फत आवश्यक पूर्वतयारी तथा व्यवस्थापन भैरहेको बताउँछन्।

तर, पुर्व तयारीको कमी, परीक्षण सामग्रीको अभाव र सीमामा मानिसको उच्च चहलपहलबिच सङ्क्रमण फैलिनसक्ने जोखिम भने कायमै छ।

सरकारले हेल्थ डेस्क स्थापना, सीमामा स्वास्थ्यकर्मी परिचालन र पीसीआर परीक्षणजस्ता पहल गरिएको छ, तर परीक्षण किटको अभाव, सीमित जनशक्ति र संघीय सरकारसँग समन्वयको ढिलाइले जोखिम व्यवस्थापनमा चुनौती थपिएको छ।

उच्च सतर्कता, भरपदो परीक्षण व्यवस्था, स्वास्थ्य पूर्वाधारको मजबुतीकरण र स्थानीय समुदायलाई पूर्ण जानकारी दिनु आवश्यक देखिएको धनगढीका स्वास्थ्यकर्मी कलावती केसीले बताइन्।

'भारतमा कोरोना संक्रमण फैलिएकोले सतर्कता अपनाउन सीमामा लक्षण देखिएकाहरुमा एन्टिजेन परिक्षण गरेका हौं।' जोशीले भने 'कोरोना संक्रमण देखिएकाहरुको थप परिक्षण हुन्छ।'

जोशीले एन्टिजेन परिक्षणमा संक्रमण देखिएकाहरुको नमुना संकलन गरेर उनीहरुमा कुन र कस्तो कोरोना छ भन्ने पत्ता लगाउन पीसीआर परिक्षणको लागि काठमाण्डौं पठाइएको बताए। काठमाण्डौमा पीसीआर परिक्षणको नतिजा आएपछि कुन प्रकारको कोरोना हो र जोखिम कत्तिको त भन्ने थाहा हुने बताउदै जोशीले त्यसैका आधारमा थप तयारी गरिने बताए।

अहिलेसम्म कीटको अभावमा धनगढी र बैतडीको झुलाघाटमा मात्र कोरोनाको परिक्षण भैरहेको छ। नेपालीको धैरे भारत आवत जावत हुने महेन्द्रनगर गड्डाचाकी नाकामा पनि कीटको अभावमा परिक्षण शुरु भएको छैन।

जोशीले संघीय सरकारबाट एन्टिजेनका २ शय कीट प्राप्त भएको छ। थप कीट प्राप्त भएपछि परिक्षणको दायरा पनि बढाइनेछ।

### बाजुराको बुढीगंगामा ग्यासको सिलिण्डर पड्किएर आगलागी

# ३५ पसल जलेर नष्ट, ७ करोड ७८ लाखको क्षति

बाजुरा। बाजुराको बुढीगङ्गा नगरपालिका-६ बाम्का बजारमा भएको आगलागीमा ३५ पसल जलेर नष्ट भएका छन्। आगलागीबाट ८ करोड ७८ लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ।

नवदुर्गा होटलमा खाना पकाउने ग्यासको सिलिण्डर पड्किएर शुक्रवार भएको आगलागी नियन्त्रण हुन नसक्दा बजारका सबै पसलमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देव बहादुर चौधरीले जानकारी दिए। सबै पसलको विवण संकलन गर्दा आठ करोड ७७ लाख ६५ हजार क्षति भएको जानकारी प्राप्त भएको प्रहरी निरीक्षक चौधरीले बताए।

प्रहरीको तथ्याङ्क अनुसार सबै भन्दा बढी योगनाथ न्यौपानेको किनारा पसलको एक करोड ८० लाख क्षति भएको छ। यसैगरी आगलागीबाट तोयानाथ न्यौपानेको एक करोड ५० लाख, छत्र थापाको एक करोड ५० लाख र धन बहादुर साउदको एक करोड ५० लाख क्षति भएको विवरण सङ्कलन भएको प्रहरी निरीक्षक चौधरीले बताए।

आगलागीबाट दीपक साउद, रामु अयडी, तुल कटुवाल र उद्धव थापाको पसलको क्षतिको मुल्य खुल्न सकेको छैन। आगलागीबाट फेन्सी पसल, मेडिकल, इलेक्ट्रोनिक, पुस्तक पसल र होटेल जलेर नष्ट भएको प्रहरी निरीक्षक चौधरीको भनाइ छ। आगलागीबाट भगतराज गिरीको सु प प्र ०१-००१ प ४६८१ नम्बरको मोटरसाइकल जलेर नष्ट भएको छ।

शुक्रवार अपराह्न ३:३) बजे ग्यास सिलिन्डर पड्किएर आगलागी भए पनि स्थानीय तहसँग अग्नि नियन्त्रण दमकल नहुँदा ठूलो क्षति भएको छ "स्थानीय तहमा दमकल भएको भए बढी क्षति हुनबाट जोगिने थियो" पीडित छत्र थापाले भने। आगलागीबाट पीडितहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूलाई राहत र पुन:स्थापनाका लागि जिल्ला विपद् व्यवस्थापन समितिको शुक्रवार बसेको बैठकले प्रदेश र सङ्घ सरकारसँग पीडितलाई राहत उपलब्ध गराउन माग गर्ने निर्णय गरेको छ।

आगलागी भएपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे प्रभावित क्षेत्रमा पुगेका छन्। मन्त्री पाण्डेले आगलागीको क्षतिको अनुगमन गर्ने र उनीहरुका गुनासो सुन्ने गरी प्रभावित क्षेत्रमा पुगेको सचिवालयले जानकारी दिएको छ।

## आगलागीले इन्टरनेट सेवा बन्द

बाम्का बजारमा एक होटलमा खाना पकाउने ग्यासको सिलिण्डर पड्किएर आगलागि भएपछि इन्टरनेट सेवा अवरुद्ध भएको छ।

साँफे-मार्तडी राजमार्गमा पर्ने बाम्का बजारमा शुक्रबार नवदुर्गा होटलमा ग्यास पड्किएर आगलागी हुँदा इन्टरनेटको तार जलेपछि सेवा अवरुद्ध भएको नेपाल टेलिकम बाजुरा शाखाले जनाएको छ।

बाम्का बजारमा आगलागी भएपछि विद्युतको तारसंगै इन्टरनेटको पनि जलेको नेपाल टेलिकम बाजुराका गंगाराम जैशीले बताएका छन्।

उनका अनुसार टेलिकमको तार जलेको डडेल्धुरामा खबर गरिसकेको छ। मर्मत टोली आइतबारसम्म आइपुग्ने टेलिकमका जैशीले बताए।

फाइबर इन्टरनेटको तार त्रिवेणी नगरपालिका र बुढीगंगा नगरपालिकाको जलेर नष्ट भएको छ भने मार्तडीको इन्टरनेटको तारको लिंकमा पनि खरावी आएका कारण इन्टरनेट सेवा सुचारु हुन नसकेको जैशीको भनाई छ।

इन्टरनेट सेवा अवरुद्ध हुँदा जिल्लाका संचार माध्यम र सरकारी तथा वित्तिय संस्थाहरुको काम प्रभावित बनेको छ।

## निसर्गमा ओठ तथा तालु फाटेको समस्याको निशुल्क शल्यक्रिया सेवा

धनगढी। निसर्ग अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि. धनगढीले स्माइल ट्रेनको सहयोगमा जन्मजात ओठ र तालु चिरिएको समस्या भएका बालबालिकाको नि:शुल्क शल्यक्रिया सेवा सुरु गरेको छ। अस्पतालले शनिबार पत्रकार सम्मेलन मार्फत सेवाको विस्तृत जानकारी दिएको हो।

स्माइल ट्रेन नामक अमेरिकी गैर-नाफामुलक संस्थाको सहयोगमा प्रदान गरिने सेवा अन्तर्गत निसर्ग अस्पताललाई चयन गरेर सेवा दिन सुरु गरेको पत्रकार सम्मेलनमा निसर्ग अस्पतालका अध्यक्ष तीर्थराज पन्तले जानकारी दिए।

स्माइल ट्रेनको टोलीले अस्पतालको शल्यकक्ष, आईसीयू, पिकीयु लगायत सम्पूर्ण पूर्वाधारको निरीक्षण गरी स्वीकृति दिएको अध्यक्ष तीर्थराज पन्तले जानकारी दिए।

अस्पतालले स्ट्याण्डर्ड सर्जरी सेफ्टी एण्ड क्वालिटी प्रोटोकल अनुरूप सेवा दिने अस्पतालका सर्जन डाक्टर दीपक ठकुराठीले दाबी गरे।

यस कार्यक्रममा खटिएका विशेषज्ञहरूमा डा. दीपक ठकुराठी क्लेफ्ट सर्जन, डा. हेमन्त ओझा र डा. सुनिल भट्ट क्लेफ्ट एन्थेसिया छन्। यस्तै, बालरोग विशेषज्ञ डा. प्रदीप मिश्र र डा. दीपक पौडेल सहित डेन्टल, स्पिच, नुट्रिशन, नर्सिङ, साइकोलोजी र सामाजिक सञ्जाल सम्बन्धी टोलीले समेत महत्वपूर्ण भूमिका खेलेको अस्पतालको भनाइ छ।

शल्यक्रिया सम्बन्धी सम्पूर्ण प्रक्रिया–जाँच, भर्ना, अपरेसन र औषधि–नि:शुल्क हुने पत्रकार सम्मेलन मार्फत अध्यक्ष पन्तले जानकारी दिए। यस्तै उपचाररत बिरामी र एकजना कुरुवाको लागि नि:शुल्कको बस्ने व्यवस्थासँगै आवतजावतको यातायात सुविधा समेत उपलब्ध रहेको बताए।

निसर्ग अस्पतालले राजधानी जानु पर्ने बाध्यतालाई अन्त्य गर्दै सुदूरपश्चिम लगायत मध्यपश्चिमका नागरिकले निसर्ग अस्पताल धनगढीमा नै गुणस्तरीय सेवा पाउने बारे जनाएको छ। जेठ २० गतेदेखि सुरु गरेको उक्त निशुल्क शल्यक्रिया सेवामा २ जना बिरामीले सेवा लिएको जानकारी दिए।

## जनताको सेवामा संवेदनशील हुनुपर्छ : राणा

काठमाडौं। परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले जनताका आवश्यकता र प्रत्यक्ष खाँचोसँग जोडिएका सेवा प्रदान गर्ने काममा राष्ट्रसेवकहरू संवेदनशील बन्नुपर्ने बताएकी छन्।

राहदानी विभागद्वारा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा राहदानी सेवामा कार्यरत कर्मचारीहरूका लागि आयोजित अभिमुखीकरण कार्यक्रमलाई शनिबार धनगढीमा सम्बोधन गर्दै उनले सो धारणा राखेकी हुन्।

उनले भनिन्, "राहदानी अब नागरिकको कुनै विलासिताको वस्तु नभएर प्रत्येक नागरिकको आधारभूत अधिकार भएको छ। त्यसैले यो सेवा दिने कार्यालयको 'फ्रन्ट डेस्क' मा बस्ने यहाँहरू सबैभन्दा जिम्मेवार व्यक्ति हुनुहुन्छ। सेवाको आवश्यकता र जनताका खाँचोलाई हेरेर गम्भीर भइ दिनुहोला।"

उनले यस्तो संवेदनशील सेवा दिने ठाउँमा बसेका कर्मचारीहरूले नागरिकका समस्या र आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने र के कसरी उनीहरूलाई छिटोछरितो र सहज सेवा दिन सकिन्छ भनेर सोच्नुपर्ने सुझाव दिइन्।

अझ सुदूरपश्चिम तथा यस्तै दुर्गम जिल्लामा दिइने सेवालाई त झन् कसरी सहज र नागरिकको पहुँचयोग्य बनाउने भन्ने बारेमा सरकार प्रयत्नशील रहेको मन्त्री डा. राणाले बताइन्।

उनले भनिन्, "राहदानी लिनका लागि पहिलेजस्तो जटिल अवस्था अहिले छैन। तर पनि सेवा प्रदान गर्ने समय र वितरणका क्रममा केही समस्या आउने गरेका मैले सुनेकी छु। सरकारी सेवा जतिसक्दो चाँडै पाइयोस् भन्ने अपेक्षा जनताले राख्नु स्वाभाविकै हो। यसै बमोजिम सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउनु सरकारको कर्तव्य हो र यसका लागि यहाँहरूकै भूमिका बढी रहन्छ।"

मन्त्री डा. राणाले राहदानीसम्बन्धी वर्तमान सेवालाई दुर्गम जिल्लाहरूका नागरिकलाई अझ सहज र पहुँचयोग्य कसरी बनाउने भनेर सरकारलाई सुझाव दिन आग्रह गरिन्।

उनले भनिन्, "पासपोर्टमा जनतालाई परेका समस्या र त्यसमा गर्न सकिने सुधारका लागि यहाँहरूले सरकारलाई सुझाव दिन सक्नुहुनेछ। त्यसमा सरकारले समयानुकूल सुधार गर्दै लैजानेछ।"

## बेदकोट पूर्ण खोप सुनिश्चितता पालिका घोषणा

महेन्द्रनगर। बेदकोट नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ। शुक्रबार सो पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको निरन्तरता घोषणा गरिएको हो।

जिल्ला खोप समन्वय समितीका अध्यक्ष दुर्गादत्त बोहराले नगरप्रमुख भोजराज बोहरालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणाको प्रमाण हस्तान्तरण गरेका थिए। नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा पालिकामा रहेका १० वटै वडाका जन्मेदेखि ५९ महिनाका बालबालिकाहरुले सबै खालका खोप पाएको सर्वेक्षणपछि पालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपनाको निरन्तरता घोषणा गरिएको जिल्ला समन्वय समिती कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराले जानकारी दिए।

सबै वडामा गरिएको खोपको सर्वेक्षण अनुसार कोही पनि खोपबाट बञ्चित नभएकाले दिगोपना घोषणा गरिएको नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ। नगरपालिकाका १० वडामा अनुगमन गर्दा जन्मेदेखि ५९ महिनाका नौं सय १७ जना बालबालिकाहरुले नियमित (**बाँकी ३ पेजमा**)

# बजेट २०८२/८३ : संघर्ष र सम्भावनाको यात्रा

राजन कुमार झा

नेपालको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ सार्वजनिक भएको छ।

बजेटले सामाजिक सुरक्षा, लगानी र विकासका क्षेत्रमा केही सकारात्मक कदमहरू लिएको छ, तर राजस्व संकलन र कार्यान्वयनमा चुनौतीहरू छन्।

आर्थिक स्थायित्व र दीर्घकालीन सुधारका लागि संरचनात्मक र कानुनी सुधार आवश्यक रहेको विश्लेषण गरिएको छ।

नेपालको संघीय संसद्मा पेस भएको आगामी आर्थिक वर्ष २०८२/८३ को १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेटले आर्थिक स्थायित्व, रोजगारी सिर्जना र सुशासन मार्फत देशको भविष्य र जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने अन्तर्यलाई यसले बोकेको सपना, यसका लक्ष्य, विगतका अनुभव र कार्यान्वयनका चुनौतीका आधारमा प्रारम्भिक विश्लेषण गर्ने प्रयास गरिएको छ।

**वर्तमान आर्थिक अवस्था सिंहावलोकन**

नेपालको अर्थतन्त्र मन्दीको चाप छिचोल्दै सकारात्मक लयमा फर्किएको छ, जसले विगतको आर्थिक शिथिलताबाट बाहिर निस्किने स्पष्ट संकेत दिन्छ। नेपालको आर्थिक वृद्धिदर गत वर्षको ३.७५ बाट चालु आव ४.६ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यो वृद्धि उद्योग, निर्माण र व्यापार क्षेत्रको सकारात्मक प्रदर्शनको परिणाम हो, जसलाई ३ सय ३९ मेगावाट विद्युत उत्पादन वृद्धि र ९ लाख २३ हजार पर्यटक आगमनले थप टेवा दिएको छ। मौद्रिक नीतिको प्रभावकारिता झल्काउँदै मुद्रास्फीति चैतमा ३.४ प्रतिशत मा सीमित रहनु पनि आफैंमा एउटा ठूलो उपलब्धि मान्न सकिन्छ। वाह्य क्षेत्रमा देखिएको उल्लेखनीय सुधारले विदेशी विनिमय सञ्चितिलाई ९ महिनाको आयात धान्न पुग्ने गरी १७ अर्ब ६३ करोड अमेरिकी डलरसम्म पुऱ्याएको छ, जहाँ चालू खाता र शोधनान्तर दुवै बचतमा छन्।

आयात १२.२ र निर्यात ६५.२ प्रतिशतले बढ्दा व्यापारिक गतिविधिमा विस्तार आई अर्थतन्त्र थप बलियो बन्दै गएको छ, साथै ११ खर्ब ९१ अर्बको विप्रेषण आप्रवाहले अर्थतन्त्रलाई थप स्थायित्व तथा गति दिएको छ। बैंक कर्जा वृद्धि, निक्षेपमा सुधार, आधारदर ६.३ प्रतिशतमा झर्नु र नेप्से सूचकांक २७०० माथि पुग्नुले लगानीको वातावरण पनि अनुकूल बन्दै गएको देखाउँछ। यी सबै सकारात्मक सूचकबीच खस्किँदो आन्तरिक उत्पादन र पूँजीगत खर्च, कमजोर निर्यात, झाँगिदो भ्रष्टाचार र अनौपचारिक अर्थतन्त्रको विस्तार नेपालको अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा रहेकोमा पनि कुनै सन्देह न होला।

**२०८२/८३ को बजेट आकार र स्रोत व्यवस्थापन**

नेपाल सरकारले आगामी आव २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको महत्त्वाकांक्षी बजेट सार्वजनिक गरेको छ। यो रकम चालु आवको विनियोजन भन्दा ५.६ प्रतिशतले र संशोधित अनुमानभन्दा १८.२ प्रतिशतले बढी हुनुले आर्थिक गतिशीलता बढाउने सरकारको स्पष्ट लक्ष्य देखिन्छ, यद्यपि यसको संरचनाले विकासका चुनौतीलाई पनि सँगसँगै उजागर गर्छ।

व्यक्तिगत आयकरको उच्चतम दर घटाएर करको दायरा बढाउने अवसर गुमाइनुका साथै आयकर ऐनका दफा ५७ (दोहोरो कर) र दफा ९५क (आयातमा अग्रिम आयकर) मा आंशिक सुधार मात्रै गरियो, मूल समस्या समाधानमा ध्यान दिइएन। ऐन परिवर्तन नगरी ब्याज र शुल्क एक पटकका लागि मिनाहा गर्ने प्रस्तावले दिगो सुधार ल्याउन सक्दैन।

बजेटको ठूलो हिस्सा ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ (६०.१ प्रतिशत) चालु खर्चमा केन्द्रित हुँदा सरकार दैनिक सञ्चालन र आवश्यकतामा बढी खर्चने जोखिम न्यूनीकरणतर्फ अग्रसर नभएको स्पष्ट हुन्छ। यसको तुलनामा, देशको भविष्यको जग मानिने पूँजीगत खर्चमा मात्र ४ खर्ब ७ अर्ब ८९ करोड रुपैयाँ (२०.८ प्रतिशत) विनियोजन हुनुले विकास निर्माणको गति र लगानी कछुवाको गतिमै रहनेतर्फ इंगित गर्छ। नियमित खर्चमा धेरै रकम जाँदा ठूला पूर्वाधार वा नयाँ परियोजनामा पर्याप्त लगानी हुन गाह्रो हुने जोखिम निर्विवाद देखिन्छ। यद्यपि, वित्तीय व्यवस्थापनका लागि छुट्याइएको ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ (१९.१ प्रतिशत) ले भने सरकारको वित्तीय दायित्व र ऋण व्यवस्थापनलाई औंल्याउँछ।

संघीयता बलियो बनाउन प्रदेश र स्थानीय तहमा ४ खर्ब १७ अर्ब ८३ करोड रुपैयाँ वित्तीय हस्तान्तरण गर्ने बजेटको प्रस्ताव प्रशंसनीय छ। तर, राजस्व र अनुदानले मात्र १३ खर्ब ६८ अर्ब ४५ करोड रुपैयाँ जुट्ने अनुमानले ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँको ठूलो घाटा देखाउँछ, जसका लागि बढ्दो ऋण निर्भरताले भविष्यमा वित्तीय स्वास्थ्यमा गम्भीर प्रश्न उठाउने छ।

**राजस्व संकलन : आकांक्षा र धरातलको भिन्नता**

बजेटको सबैभन्दा गम्भीर चुनौती राजस्व संकलनको महत्त्वाकांक्षी लक्ष्य हो। सरकारले आगामी आव १३ खर्ब १५ अर्ब राजस्व जुटाउने अपेक्षा गरेको छ, जुन गत आव २०८०/८१ को ९ खर्ब ५५ अर्ब र चालु आव २०८१/८२ को संशोधित अनुमान १२ खर्ब ६७ अर्ब ३९ करोडको तुलनामा निकै महत्त्वाकांक्षी छ। चालु आव १५ जेठसम्म लक्ष्यको ६८.१९ प्रतिशत अर्थात् ९ खर्ब ६७ अर्ब ८२ करोडमात्र राजस्व संकलन भएको कमजोर पृष्ठभूमिका आधारमा आगामी वर्षको लक्ष्य भेट्न आवश्यक २५ प्रतिशतको वृद्धि असम्भवप्रायः देखिन्छ। राजस्व वृद्धिका लागि करप्रणालीमा व्यापक सुधारको आवश्यकता भए पनि बजेटले ठोस कदम चालेको छैन।

व्यक्तिगत आयकरको उच्चतम दर घटाएर करको दायरा बढाउने अवसर गुमाइनुका साथै आयकर ऐनका दफा ५७ (दोहोरो कर) र दफा ९५क (आयातमा अग्रिम आयकर) मा आंशिक सुधार मात्रै गरियो, मूल समस्या समाधानमा ध्यान दिइएन। ऐन परिवर्तन नगरी ब्याज र शुल्क एक पटकका लागि मिनाहा गर्ने प्रस्तावले दिगो सुधार ल्याउन सक्दैन। उच्चस्तरीय सुझाव विपरीत मूल्य अभिवृद्धि कर (भ्याट) छुट हुने वस्तु तथा सेवाको संख्या थप गरिनुले सरकार भ्याट सुधारबाट हच्किएको स्पष्ट छ।

नेपालले आगामी आव २०८२/८३ मा ५३ अर्ब ४४ करोड रुपैयाँ वैदेशिक अनुदान संकलन गर्ने महत्त्वाकांक्षी लक्ष्य राखेको छ। तर, चालु आव ५२ अर्ब ३२ करोडको प्रारम्भिक लक्ष्य कटौती गरी ३४ अर्ब ८९ करोडमा झारिनु र १५ जेठसम्म १६ अर्ब ६२ करोडमात्र संकलन हुनुले यो लक्ष्य अत्यधिक चुनौतीपूर्ण देखाउँछ।

विद्युतीय सवारीसाधन (ईभी) मा कर यथावत राखिनु नीतिगत स्थिरता भनिए पनि यसलाई वैज्ञानिक बनाउने अवसर गुमेको छ। करको दायरा नबढाइ वा दरमा ठूलो फेरबदल नगरी आन्तरिक राजस्व बढाउन सकिने अवस्था छैन। बक्यौता राख्ने करदातालाई कम भार पर्ने गरी कानुन बनाइनु (जस्तो कि चैत मसान्तसम्मको भ्याट विवरण र कर २०८२ पुस मसान्तभित्र बुझाए शुल्क, ब्याज तथा थप दस्तुर मिनाहा) र ऋण लिएर कर तिर्नेलाई सुविधा नहुनुले कर अनुपालना नहुने जोखिम बढ्ने संकेत गर्छ।

सरकारले अन्य विलासिताका वस्तुसँगै सिमेन्टमा ५ प्रतिशत अन्तःशुल्क बढाएसँगै प्रतिबोरा २० देखि २५ सम्म मूल्य थपिने अनुमान छ। नेपालको वार्षिक २ करोड ५० लाख टन अधिकतम उत्पादन क्षमता रहे पनि सिमेन्ट उद्योग हाल करिब ३० प्रतिशत क्षमतामा मात्र सञ्चालनमा छ। यसबाट वार्षिक ३ अर्ब ७५ करोड अतिरिक्त राजस्व संकलनको सम्भावना देखिए पनि यसको सीधा असर व्यक्तिगत उपभोक्ताका साथै सरकारी पूर्वाधार विकास परियोजनाहरूको लागतमा पर्नेछ। यो मूल्यवृद्धिले निर्माण कार्य महँगो बनाउनुका साथै उपभोक्ता मूल्य सूचकांक (सीपीआई) मा समेत दबाब सिर्जना गर्दै समग्र विकासमा चुनौती थप्ने निश्चित छ। राजस्व वृद्धिको सम्भावनासँगै निर्माण लागतमा वृद्धि र विकास कार्यहरूमा सम्भावित प्रभावको गहन विश्लेषण आवश्यक छ।

**अनुदान कटौती, ऋण वृद्धि**

नेपालले आगामी आव २०८२/८३ मा ५३ अर्ब ४४ करोड रुपैयाँ वैदेशिक अनुदान संकलन गर्ने महत्त्वाकांक्षी लक्ष्य राखेको छ। तर, चालु आव ५२ अर्ब ३२ करोडको प्रारम्भिक लक्ष्य कटौती गरी ३४ अर्ब ८९ करोडमा झारिनु र १५ जेठसम्म १६ अर्ब ६२ करोडमात्र संकलन हुनुले यो लक्ष्य अत्यधिक चुनौतीपूर्ण देखाउँछ। यूएसआईडीको अनुदान पूर्णरूपमा बन्द हुने र यूकेएडको अनुदानमा पनि कटौती आउने सम्भावनाले आगामी वर्षको वैदेशिक अनुदान लक्ष्य प्राप्त गर्न थप कठिनाइ सिर्जना गर्ने छ। त्यस्तै २ खर्ब ३३ अर्ब वैदेशिक ऋणको लक्ष्य पनि चुनौतीपूर्ण छ। विगतमा पनि विकास खर्च कमजोर भएकाले ऋण परिचालन लक्ष्यको आधा पनि पुग्न सकेको थिएन। राजस्व र अनुदान दुवै तोकिए अनुसार नआउने निश्चित देखिएकाले देशले झन्डै ६ खर्ब रुपैयाँको ऋण भार बोक्नुपर्ने अवस्था आउन सक्छ, जसले बजेट कार्यान्वयनमा ठूलो दबाब सिर्जना गर्ने निश्चितप्रायः छ।

**पूँजीगत खर्चको दोहोरो मापदण्ड : संख्या घटाउँदै, खुद्रा लगानी बढाउँदै**

बजेटले विकास आयोजनाहरू घटाएर (४ हजार ६ सय वटा) व्यवस्थापन सहज बनाउने र ३ करोडभन्दा कमका आयोजनामा बजेट नछर्ने सकारात्मक कुरा बोलेको छ। तर, खुद्रे आयोजनाहरू पूर्णरूपमा रोकिएका छैनन्, बरु तिनले नयाँ रूप लिएको देखिन्छ। यसको प्रमाण के छ भने चालु आव १८ हजारभन्दा धेरै आयोजना रहेकोमा आगामी वर्षका लागि १३ हजार ९ सयमा झार्ने भनिए पनि राष्ट्रिय आयोजना बैंकमा जम्मा १ हजार ३ सय २७ वटामात्र आयोजना दर्ता भएका छन्। यसले सरकारी निकायहरूले नै दिएका आयोजना संख्याको तथ्यांक एकापसमा मेल नखाएको देखाउँछ।

भौतिक पूर्वाधार मन्त्रालयले ठूला आयोजनामा ध्यान केन्द्रित गरे पनि सहरी विकास मन्त्रालयको बजेटमा अस्वाभाविक एवं उल्लेखनीय वृद्धि देखिएको छ, जुन ९२ अर्ब ६३ करोडबाट १ खर्ब १८ अर्ब पुगेको छ। स्थानीय पूर्वाधार विभाग गाभिएपछि यो मन्त्रालय साना आयोजनाहरूको व्यवस्थापनमा मुख्य भूमिकामा देखिएको छ। गणेशमान सिंह र मदन भण्डारी पार्क निर्माण, स्थानीय र झोलुङ्गे पुलका लागि करिब ९ अर्ब, तराई-मधेस समृद्धि कार्यक्रममा १ अर्ब र ७ सय २७ किलोमिटर सहरी र ग्रामीण सडक तथा ४६ वटा सडक पुल निर्माण घोषणाले खुद्रे आयोजनामा बजेट छर्ने पुरानो बानी कायमै रहेको शंकालाई थप बल पुगेको देखिन्छ।

**बजेटका सकारात्मक पक्ष**

विभिन्न दृष्टिकोणबाट हेर्दा पनि यस पटकको बजेटले सुधारको स्पष्ट मार्गचित्र कोरेको छ, जसले नेपालको अर्थतन्त्रलाई सबल र दिगो बनाउने सम्भावना देखाउँछ। विगतका वितरणमुखी प्रवृत्तिको सट्टा परिणाममुखी सोच अँगाल्नु बजेटको महत्त्वपूर्ण र सकारात्मक परिवर्तन हो।

**सकारात्मक परिवर्तनका आयामहरू**

**सामाजिक सुरक्षा र वित्तीय अनुशासन**

वृद्धभत्ता पाउने उमेर ६८ बाट ७० वर्ष पुऱ्याइनुले वित्तीय भार कम गर्दै सामाजिक सुरक्षा प्रणालीलाई थप दिगो बनाउन मद्दत पुग्ने छ। संघले दिएका अनुदानमा दोहोरोपन रोक्ने निर्देशनले स्रोतको कुशल प्रयोग र अनावश्यक खर्च कटौती सुनिश्चित गरेको छ। कर्मचारीको तलब नबढाइ भत्ता बढाएर पेन्सनमा जाने ठूलो रकम बचाउने विश्लेषणले सार्वजनिक वित्त व्यवस्थापनमा सुधारको उज्ज्वल सम्भावना देखाउँछ।

**लगानीमैत्री वातावरण र नीतिगत स्थिरता**

विद्युतीय सवारीसाधन (ईभी) मा कर यथावत राखिनुले नीतिगत स्थिरताको स्पष्ट सन्देश दिएको छ, जसले लगानीकर्ता र उपभोक्तामा विश्वास बढाउँदै हरित ऊर्जा प्रयोगलाई प्रोत्साहन गर्छ। कम्युनिस्ट अर्थमन्त्रीले विदेशमा लगानी खुला गर्ने, घरजग्गाको हदबन्दीमा छुट दिने र भन्सारमा अग्रिम आयकर हटाउने जस्ता साहसिक कदम चालेका छन्, जसबाट निजी क्षेत्रको लगानी आकर्षित भई आर्थिक गतिविधिमा व्यापक वृद्धि हुने अपेक्षा गरिएको छ।

**राजस्व वृद्धि, वातावरण संरक्षण र व्यापार सन्तुलन**

प्रदूषण फैलाउने सामानमा हरित करको दायरा विस्तार गर्दा वातावरण संरक्षणमा टेवा पुग्नुका साथै अतिरिक्त राजस्व पनि संकलन हुनेछ। सुनमा विलासिता कर र सुर्तीजन्य वस्तुमा स्वास्थ्य जोखिम कर थपिनुले राजस्व वृद्धिसँगै जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ। विद्युतीय सेवा कर तिर्ने गैरवासिन्दाका लागि अनलाइन भुक्तानी व्यवस्थाले कर प्रशासनलाई आधुनिक र प्रभावकारी बनाइ राजस्व चुहावट नियन्त्रणमा महत्त्वपूर्ण सघाउ पुऱ्याउँछ। भन्सार महसुल ऐन २०८१ मा संशोधन गरी केही वस्तुमा निकासी र पैठारी महसुल परिवर्तन गर्दा व्यापार सन्तुलनमा उल्लेख्य सुधार र स्वदेशी उत्पादनलाई सशक्त प्रोत्साहन मिल्ने प्रचुर सम्भावना छ।

**उद्योग र रोजगारी प्रवर्द्धन**

होटल, रिसोर्ट र आईटी उद्योगलाई कर छुट र प्रोत्साहन, रोजगारी सिर्जना र अविकसित क्षेत्रमा सञ्चालन गरे थप कर छुट र स्टार्टअपका लागि कर छुटको दायरा विस्तार जस्ता व्यवस्थाले लगानी प्रोत्साहन, रोजगारी सिर्जना र समग्र औद्योगिक विकासमा अभूतपूर्व भूमिका खेल्नेछन्। सहकारी संस्थाहरूले पाउँदै आएको अतिरिक्त ह्रास खर्च हटाउनुले कर प्रणालीमा समानता र निष्पक्षता ल्याउँछ।

**सरकारी स्वामित्वका रुग्ण उद्योगको अवस्था**

२०८२/८३ को बजेटमा सरकारी स्वामित्वका रुग्ण उद्योगलाई उपयुक्त प्रविधि मार्फत सञ्चालन गर्ने सामान्य नीति लिए पनि उदयपुर, हेटौंडा सिमेन्ट, गोरखकाली र जनकपुर चुरोट कारखाना जस्ता प्रमुख उद्योगका लागि ठोस योजना अभाव देखिन्छ। हेटौंडाको हालैको उत्पादन पुनः सुरुवात वा गोरखकाली रबरबारे विगतका प्रतिबद्धता मात्र दोहोऱ्याउँदा यी उद्योगको दीर्घकालीन व्यवस्थापनका लागि थप स्पष्ट दृष्टिकोणको आवश्यकता औंल्याएको छ, जसले समग्र सुधारका लागि नीतिगत स्पष्टताको अपेक्षा बढाउँछ।

**बजेट कार्यान्वयनका मुख्य चुनौती**

यसपालिको बजेटले आशावादी लक्ष्य त राख्यो, तर त्यसलाई जमिनमा उतार्न थुप्रै बाधा छन्। राजस्व र वैदेशिक सहायताको महत्त्वाकांक्षी आँकडा भेट्टाउन नसक्दा बजेट कार्यान्वयनका लागि स्रोतको चर्को दबाब पर्ने छ।

> *भौतिक पूर्वाधार मन्त्रालयले ठूला आयोजनामा ध्यान केन्द्रित गरे पनि सहरी विकास मन्त्रालयको बजेटमा अस्वाभाविक एवं उल्लेखनीय वृद्धि देखिएको छ, जुन ९२ अर्ब ६३ करोडबाट १ खर्ब १८ अर्ब पुगेको छ। स्थानीय पूर्वाधार विभाग गाभिएपछि यो मन्त्रालय साना आयोजनाहरूको व्यवस्थापनमा मुख्य भूमिकामा देखिएको छ। गणेशमान सिंह र मदन भण्डारी पार्क निर्माण, स्थानीय र झोलुङ्गे पुलका लागि करिब ९ अर्ब, तराई-मधेस समृद्धि कार्यक्रममा १ अर्ब र ७ सय २७ किलोमिटर सहरी र ग्रामीण सडक तथा ४६ वटा सडक पुल निर्माण घोषणाले खुद्रे आयोजनामा बजेट छर्ने पुरानो बानी कायमै रहेको शंकालाई थप बल पुगेको देखिन्छ।*

**कार्यान्वयनका मुख्य गाँठागुँठी**

**खर्चको दबाब**

चालु खर्चले बजेटको ठूलो हिस्सा ओगट्दा विकास निर्माण अर्थात् पूँजीगत खर्च खुम्चिने पक्का छ। यसले देशको भौतिक प्रगतिको गति सुस्त बनाउन सक्छ।

**आर्थिक सुस्तता**

अर्थतन्त्रमा अझै पूर्णरूपमा जीवन्तता नआउँदा राजस्व संकलन र निजी लगानीले अपेक्षित गति लिन सकेका छैनन्। बजेटले निजी क्षेत्रलाई प्राथमिकता दिए पनि त्यसलाई कार्यान्वयनमा उतार्नु नै मुख्य चुनौती हो।

**पुरानै समस्याको निरन्तरता**

पूँजीगत खर्चका लागि पैसा छुट्याए पनि आयोजना छनोटमा हुने ढिलाइ, ठेक्का व्यवस्थापनको सुस्तता र निर्माणमा हुने अडकलबाजीले काम प्रभावकारी हुन सकेको छैन। तीन सिफ्टमा काम गर्ने र सार्वजनिक खरिद कानुनमा संशोधनको घोषणा गरिए पनि सफल कार्यान्वयन नै यसको कसी हुनेछ।

**संरचनागत सुधार अभाव**

बजेटले कृषि, उद्योग र सेवा क्षेत्रमा बृहत नीतिगत सुधारलाई सम्बोधन नगर्दा अर्थतन्त्रको ठूलो पुनर्संरचना गर्ने अवसर गुमेको देखिन्छ। विकास खर्च बढाउने स्पष्ट संरचना र गुणस्तरीय परिवर्तनको योजना अभावले सार्वजनिक सेवामा ढिलासुस्ती र जवाफदेहिताको कमी झल्काउँछ।

**कानुनी र करका जटिलता**

सम्पत्ति शुद्धीकरणको निगरानी सूचीबाट बाहिर निस्किने विषयलाई महत्त्व दिए पनि कानुनी र संस्थागत सुधारको प्रभावकारी कार्यान्वयन अतिआवश्यक छ। त्यस्तै ढुवानी सेवा र हवाई सेवा प्रदायकका लागि ल्याइएका नयाँ कर प्रावधानले कर प्रणालीको विश्वसनीयतामा कस्तो प्रभाव पार्छ, त्यो समयले देखाउने छ।

**सुधारका लागि आवश्यक क्षेत्र**

**कर प्रणालीमा सुधार**

नेपालको कर प्रणाली सुदृढ बनाउन डिजिटल प्रविधिको अधिकतम उपयोग गर्दै करको दायरा फराकिलो पारी कर छली नियन्त्रण गर्नु अत्यावश्यक छ। अनावश्यक छुटको पुनरावलोकन गरी प्रणालीलाई सरल, पारदर्शी र लगानीमैत्री बनाउनुपर्छ। भ्याटमा समयानुकूल परिवर्तन, आयकर ऐन संशोधन, व्यक्तिगत आयकर दर घटाउने र भन्सारमा स्वचालित प्रणाली लागु गर्ने सुधारहरू आवश्यक छन्।

**पूँजीगत खर्चको दक्षता र आयोजना छनोटमा पारदर्शिता**

नेपालको विकास बजेटलाई प्रभावकारी बनाउन ३ करोडभन्दा कमका खुद्रे आयोजनामा बजेट छर्ने प्रवृत्ति पूर्णबन्द गर्नुपर्छ। सहरी विकास मन्त्रालय जस्ता नयाँ माध्यमबाट खुद्रे आयोजना घुसाउने प्रवृत्ति अन्त्य गरी बजेटलाई 'गेमचेन्जर' परियोजनाहरूमा केन्द्रित गर्नुपर्छ। बजेटले देश परिवर्तन गर्न सक्ने (गेमचेन्जर) महत्त्वपूर्ण परियोजनालाई खासै प्राथमिकता दिएको छैन। २ खर्बभन्दा बढी लागतको काठमाडौं-तराई मधेस द्रुतमार्ग यसको प्रमुख उदाहरण हो।

आगामी आव २०८२/८३ को बजेटले वर्तमान चुनौती स्वीकार्दै केही सकारात्मक पहल गरेको छ। यसमा सामाजिक सुरक्षा सुधार, नीतिगत स्थिरताका लागि विद्युतीय सवारीसाधनमा कर यथावत राख्ने र लगानीमैत्री वातावरणका लागि अग्रिम आयकर हटाउने जस्ता कदम चालिएका छन्।

आव २०८३/८४ मा सक्ने लक्ष्य राखिएको यो आयोजनामा अहिलेसम्म ७० अर्ब खर्च भइसकेको छ, तर यसपालि जम्मा २४ अर्ब ४९ करोडमात्र विनियोजन गरिएको छ जहाँ समयमै आयोजना सक्न कम्तीमा ५० अर्ब चाहिन्छ। यस्ता ठूला आयोजनामा थोरै-थोरै बजेट छुट्याउँदै जाँदा निर्माण अवधि लम्बिन्छ र लागत झन् बढ्छ, जसले लगानीको प्रभावकारितामाथि नै प्रश्न उठाउँछ। पूर्व-पश्चिम रेलमार्ग र काठमाडौं-केरूङ रेलमार्ग जस्ता अरू महत्त्वपूर्ण ठूला परियोजना पनि अझै अध्ययन वा प्रारम्भिक चरणमै अल्झिएका छन् र तिनका लागि पर्याप्त निर्माण बजेट छुट्याइएको देखिँदैन। आयोजना बैंकमा प्रविष्ट, विस्तृत अध्ययन गरिएका र निश्चित प्रतिफल दिने आयोजनामा मात्र बजेट विनियोजन गर्ने नियमको कडाइसाथ पालना गर्दै आयोजना संख्याको असंगति तत्काल स्पष्ट पार्नुपर्छ।

**निष्कर्ष : महत्त्वाकांक्षा र यथार्थताको सन्तुलन**

आगामी आव २०८२/८३ को बजेटले वर्तमान चुनौती स्वीकार्दै केही सकारात्मक पहल गरेको छ। यसमा सामाजिक सुरक्षा सुधार, नीतिगत स्थिरताका लागि विद्युतीय सवारीसाधनमा कर यथावत राख्ने र लगानीमैत्री वातावरणका लागि अग्रिम आयकर हटाउने जस्ता कदम चालिएका छन्। होटल, आईटी, स्टार्टअप लगायत क्षेत्र लक्षित कर प्रोत्साहनले आर्थिक वृद्धिमा टेवा पुग्ने अपेक्षा छ।

तर, बलियो सरकारबाट अपेक्षित ठूला नीतिगत सुधार र अर्थतन्त्रको संरचनात्मक रूपान्तरणका लागि स्पष्ट दृष्टिकोणको अभाव खट्किएको छ। बजेट छरिनु, राजस्व/ऋण/अनुदान लक्ष्यमा अनिश्चितता देखिनु तथा गेमचेन्जर परियोजनाहरूमा अपर्याप्त लगानीका कारण कार्यान्वयनमा गम्भीर चुनौती देखिएकाले लक्ष्य हासिल गर्न राजस्व प्रशासन, पूँजीगत खर्च सुधार, अनुत्पादक खर्च कटौती र सम्पत्ति शुद्धीकरणमा ठोस पहल आवश्यक छ। घोषणामात्र नभई विकास बजेटको प्रभावकारी खर्च र ऋणभार नबढाइ अनुदान सुनिश्चित गर्नु अबको मुख्य चुनौती हो, जसले आर्थिक स्थायित्व र दीर्घकालीन रूपान्तरणमा सघाउने छ।

# जनमत संग्रहको असान्दर्भिक वकालत

वृत्तान्त खनाल

नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक भएकाले यहाँ जनमत संग्रहको विषयलाई हल्का रूपमा राजनीतिक एजेन्डा बनाउँदा यसले प्रतिकूल व्यवस्था जन्माउने खतरा पनि रहन्छ, त्यसैले कुनै नेताले क्षणिक लोकप्रियता वा दबाबमा यसको वकालत गर्दै हिँड्न हुन्न।

जनताको लामो त्याग र संघर्षपछि प्राप्त लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति पछिल्लो समय पक्ष र विपक्षमा बहस भइरहेको छ। दुवै पक्षले सडकमा तमासा देखाएर जनतामा भ्रम छर्ने काम भइरहेको छन्। लोकतन्त्र विश्वमै सर्वोत्कृष्ट शासन व्यवस्था हो।

जनताको छोराछोरी जनताकै माझमा गएर जनताकै म्यान्डेट बोकेर गरिने शासन व्यवस्था जनमैत्री हुन्छ। तर, चार दशकदेखि एउटै व्यक्ति निर्वाचित भइरहँदा लोकतन्त्रप्रति नै जनता सशंकित बनिरहेका छन्। यसरी नै लोकतन्त्र चल्ने हो भने राजसंस्था र यो व्यवस्थामा के फरक रह्यो भन्ने आम बुझाइ बन्नु स्वाभाविकै हो।

लोकतन्त्र कमजोर बन्दा केही व्यक्तिले धमिलो पानीमा माछा मार्न खोज्दै छन्। र, उनीहरू जनमत संग्रहबाट राजा फर्काउने हुंकार गरिरहेका छन्। केही लोकतन्त्रवादी नेताहरू पनि राजसंस्था र हिन्दु राष्ट्रका पक्षमा जनताको म्यान्डेट लिन खोजिरहेका छन्।

तिनैमध्ये एक हुन्- नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला। उनले हालै एक अन्तर्वार्तामा दिएको अभिव्यक्ति छ- 'जनमत संग्रह गर्ने भए गरौं।' कांग्रेसको एक मुख्य नेताले नै यस्तो कुरा गरेपछि यो विषय सतहमा आएको छ। लोकतान्त्रिक संस्था र नेतृत्वप्रतिको वितृष्णा पनि चुलिँदो छ। यो कमजोरीलाई कुनै पनि राजनीतिक दलले अस्वीकार गर्नु हुन्न। सरसर्ती हेर्दा जनतामा वितृष्णा लोकतन्त्रप्रति होइन, नेताहरूको कार्यशैलीप्रतिको हो। जनता आफैं संघर्ष र बलिदानबाट प्राप्त व्यवस्थाको विपक्षमा जानै सक्दैनन्।

कांग्रेस, एमालेलगायत ठूला राजनीति दलले जनमत संग्रहले डराउनुपर्ने अवस्था छैन। जनताले फालेको व्यवस्थाका पक्षमा जनमत संग्रह गर्दा केही फरक पर्ने छैन। हुट्टियाउँले मैले आकाश थामिरहेको छु भन्ने भ्रममा रहेकाहरूले पनि आफूलाई प्रमाणित गर्न सकून्। तर, हिन्दु राज्यका पक्षमा भने जनताको आवाज बलियो छ।

जनताबाट पुनः अर्को पटक असफलताको स्वाद चाख्न हतारिइरहेका लोकतन्त्रविरोधीहरू जनमत **(बाँकी ३ पेजमा)**

# कागज र भाषणमा मात्रै सीमित नबनोस् बजेट

शिवराज खड्का

हरेक वर्षझैं यस वर्ष पनि सरकारले जेठ १५ गते आफ्नो कर्मकाण्डी पूरा गरेको छ। अर्थात् आगामी साउन १ गतेदेखि सुरु हुने आर्थिक वर्ष २०८२-८३ का लागि आर्थिक योजना संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा पेस गरेको छ। शिथिल अर्थतन्त्रबीच उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्षका लागि ६ प्रतिशतको आर्थिक वृद्धिदर हुने दाबीसहित १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएका छन्। त्यसो त बजेट ल्याउनुअघि संसद्मा सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र त्यसमाथि निद्रा लागुन्जेलसम्म छलफल पनि हुन्छ। तर, जनताको लागि ल्याइने भनिएको नीति तथा कार्यक्रम, बजेटमा उनीहरूका अपेक्षा के थिए ? र के चाहेका थिए ? भन्नेबारेमा कहिल्यै छलफल भएको पाइँदैन। आफ्ना लागि भनेर आउने कार्यक्रम र बजेटमा कहिल्यै प्रत्यक्ष रूपमा नागरिक सहभागी हुन पाउँदैनन्।

त्यसो त लोकतान्त्रिक शासन प्रणालीमा नागरिकका हरेक आवश्यकतालाई राज्यले अधिकतम सम्बोधन गर्ने प्रयास गर्छ भन्ने मान्यता **(बाँकी ३ पेजमा)**

# राज्यको नीतिका कारण अन्तरलिङ्गी व्यक्तिको पहिचान खुल्न कठीन

**पोष्ट संवाददाता** / धनगढी । राज्यको कानुनका कारण अन्तरलिङ्गी व्यक्तिहरुले आफ्नो पहिचान अनुसार बाँच्न पाउन नसकेको जनाइएको छ। एकता नेपालको संयोजन र क्याम्पेन फर चेन्जको आयोजनामा धनगढीमा २३ जेठमा भएको कार्यक्रममा उनीहरुले जीवन जिउन कठिन रहेको बताइएको हो ।

एक वा एक भन्दा बढि यौन विशेषताहरु, शारीरिक विविधता (यौन अङ्ग, प्रजनन् अङ्ग क्रोमोजोम वा हार्मोन) सहित जन्मिएका, महिला पुरुषको परम्परागत र सामाजिक परिभाषामा नमिल्ने अन्तरलिङ्गी व्यक्तिलाई उनीहरुको सहमति नलिई सल्यक्रिया गरेर दुःख दिइरहेको पाईएकाले त्यसो नगरी आफ्नो पहिचानअनुसार बाँच्न दिनुपर्ने क्याम्पेन फर चेन्ज निर्देशक इशान रेग्मीले कार्यक्रममा बताए ।

उनले बालबालिकालाई उहाँहरुको रुचि र इच्छाको जानकारी नहुँदै परिवारको दवाबले गर्ने सल्यक्रियाबाट वयस्क



अवस्थामा पुग्दा आफु कुन पहिचानमा बाँच्ने भन्ने अन्योल हुने गरेको बताए । आफु अन्तरलिङ्गी हुँदा भोगेको समस्या अन्य व्यक्तिले पनि भोगिरहेका बताउँदै उनले आत्महत्या गर्ने वा भित्रभित्रै दबिएर बाँचिरहेका उल्लेख गरे ।

अन्तरलिङ्गी व्यक्तिको तथ्याङ्कको अभाव, समाजमा विभेद, लाल्छना, हिंसा हुने र परिवारले समेत नस्विकार्ने स्थितिले अन्तरलिङ्गी व्यक्तिहरुको मानवअधिकारको हनन् भइरहेको उनले प्रस्तुतीमा उल्लेख गरे ।

कानुनी पहिचान हुनुपर्ने, जथाभावि सल्यक्रिया गर्ने प्रवृत्ति विरुद्ध शारीरिक अखण्डता र आत्मनिर्णयको अधिकारको सुनिश्चित गर्नुपर्ने उनले जोड दिए ।

अन्तरलिङ्गी भएर जन्मिएकै आधारमा भेदभाव हिंसा गर्न नपाईने, गुणस्तरीय र समावेशी स्वास्थ्य सेवाको पहुँच हुनुपर्ने, अनुसन्धान र तथ्याङ्क सङ्कलन हुनुपर्ने, शिक्षा र रोजगारीको क्षेत्रमा समान अवसर दिनुपर्ने आवश्यक रहेको जनाइएको छ ।

जनगणना गर्दा महिला, पुरुष उल्लेख गर्ने ठाउँमा अन्तरलिङ्गी व्यक्तिको पनि अन्तरलिङ्गी पहिचान समावेश गर्नुपर्नेमा उनको जोड छ । जनगणनाको महलमा अन्य उल्लेख गरिएको भए पनि त्यसमा अन्तरलिङ्गी पहिचान नहुने उनले उल्लेख गरे ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश सभा सांसद सन्तोषी शर्मा थापाले अन्तरलिङ्गीहरुको अधिकारका लागि आफ्नो जहिले पनि सहयोग रहने प्रतिबद्धता जनाइन । मानिसको बाच्न पाउने अधिकारलाई हनन् गर्न नहने उनले जोड दिइन् ।

कार्यक्रमका सहभागिहरुले अन्तरलिङ्गी पहिचानका बारेमा समाज स्पष्ट हुनुपर्ने बताएका थिए । कार्यक्रममा सरकारी तथा गैर सरकारी संस्थाहरुको प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# प्रज्ञा प्रतिष्ठानद्वारा पत्रकार जोशी सम्मानित

धनगढी, जेठ २४ -सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित पहलमानसिंह स्वाँर नेपाल-भारत अन्तर्राष्ट्रिय साहित्य सम्मेलन तथा दोस्रो प्रादेशिक कविता महोत्सव समारोहमा पत्रकार पुष्पराज जोशी सम्मानित भएका छन्। सुदूरपश्चिम प्रदेशमा रहेर डोटेली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा पत्रकारिताका माध्यमबाट योगदान पुऱ्याएको भन्दै सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानले पत्रकार जोशीलाई नगदसहित पहलमानसिंह स्वाँर स्मृति प्रादेशिक प्रतिभा सम्मानद्वारा सम्मानित गरिएको हो ।

पत्रकार जोशीसँगै साहित्यकार तथा संस्कृतिविद् एमव् सुदूरपश्चिम प्रदेशका पूर्व मुख्यमन्त्री राजेन्द्रसिंह रावल, डा. विश्वगुरु गौरीशंकराचार्यजी महाराज, सामाजिक सचेतनामा योगदान पुऱ्याएको भन्दै कानुन अधिकृत तथा लेखक दानबहादुर सुनार र डोटेली भाषाका प्रथम समाचारवाचक ओमप्रकाश जोशीलाई सम्मानित गरिएको हो ।

कार्यक्रममा प्रा.डा. रामचन्द्र पोखरेल (पोखरा), प्री. माधव वियोगी (पोखरा), प्रा. डा. निर्मलमणि अधिकारी (काठमाडौं), प्रा.डा.देवी नेपाल (काठमाडौं), डा. पिताम्बर अवस्थी (पिथौरागढ), प्रा. डा. भीम खतिवडा (धरान), महेश बराल (पिथौरागढ), हेमा जोशी परु (खटिमा भारत) लाई सम्मानित गरिएको हो ।

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानका उपकूलपति डा. टीएन जोशीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा प्रमुख अतिथि मुख्यमन्त्री कमलबहादुर शाह रहेका थिए । कार्यक्रममा पूर्व मुख्यमन्त्री तथा साहित्यकार राजेन्द्रसिंह रावल, सामाजिक विकास मन्त्री मेघराज खड्का, श्री १००८ विश्वगुरु गौरीशंकराचार्य जी महाराज, प्रा.डा. रामचन्द्र पोखरेल, प्रा. डा. देवी नेपाल, प्रा. डा. भीम खतिवडा, डेउडा गायक नन्दकृष्ण जोशी, प्रा. डा. निर्मलमणि अधिकारी, प्रा. डा. जनार्दन आचार्य, साहित्यकार प्रा. माधव वियोगी, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य प्राज्ञ महानन्द ढकाल, साहित्यकार किरण आचार्य, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य प्राज्ञ कृष्णराज सर्वाहारी, साहित्यकार जि.के. पोखरेल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल तथा भारतका कवि तथा साहित्यकारले कविता वाचन गर्ने कार्यक्रम रहेको छ । कार्यक्रम दुई दिनसम्म चल्ने आयोजकले बतायो ।

## महिलालाई कुटपिट...

रोकेको र लाइन्सेन्स माग्ने क्रममा उनीहरुबीच विवाद भएको खुल्न आएको बताए ।

गण्डकी । गण्डकी प्रदेश सरकारद्वारा गठित प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले शुक्रबार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष अध्ययन प्रतिवेदन पेस गरेको छ ।

समितिका संयोजक शरदचन्द्र पौडेलले तीन सय २४ पृष्ठको उक्त प्रतिवेदन मन्त्री र सचिवहरूको उपस्थितिमा मुख्यमन्त्री पाण्डेलाई हस्तान्तरण गरेका हुन् ।

उक्त अवसरमा समितिका संयोजक पौडेलले कुनै पनि दबाब, आग्रह-पूर्वाग्रहबिना प्रदेश सरकारका एक सय ७४ वटा सङ्गठन संरचनाको अध्ययन गरेर प्रतिवेदन तयार पारिएको बताए ।

यो प्रतिवेदनले प्रदेश सरकारले चाहेजस्तो आफ्ना संरचनालाई चुस्त राख्न र कामकारबाहीलाई प्रभावकारी बनाउन मद्दत पुग्नेछ", उनले भने। समितिले आफ्नो कार्यजिम्मेवारी भित्र रहेर सुझावसहित प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदन बुझेपछि मुख्यमन्त्री पाण्डेले सरकारले त्यसलाई अध्ययन गरेर लागु गर्ने बताउनुभयो । "यो देखाउन वा थन्क्याउन बनाइएको होइन, प्रतिवेदन अध्ययन गरेर तत्काल कार्यान्वयन गर्न औँल्याइएका विषय लागु हुन्छ, अन्य विषय क्रमशः सरकारले लागु गर्दै जानेछ", मुख्यमन्त्री पाण्डेले भने ।

सङ्घीयता लागु गर्दा उत्साहका साथ धेरै संरचना खडा गरिएको तर अहिले ती संरचनाका कारण प्रदेशमाथि पनि प्रश्न उठ्न थालेकाले प्रशासनिक पुनरावलोकन जरूरी परेको उनको भनाइ थियो ।

प्रशासनिक खर्च धेरै हुँदा प्रदेशको विकास खर्च बर्सेनि घटेको, आम्दानीको स्रोत बढाउन कानुनी अड्चन झेल्नुपरेकाले खर्च कटौतीका लागि पुर्नसंरचना आवश्यक भएको मुख्यमन्त्री पाण्डेले बताए ।
प्रदेश सरकारले गत चैतमा पूर्वसचिव पौडेलको संयोजकत्वमा पूर्वसहसचिव महेश्वर नरसिंह केसी र सहसचिव अच्युत लामिछाने सदस्य रहेको अध्ययन तथा सुझाव समिति बनाएको थियो ।

## सूचना प्रविधि....

संग्रहपछि सदाका लागि परास्त हुने शेखरको बुझाइ छ। कांग्रेसभित्रै पनि यो विषय उठ्दै आएको छ । हिन्दु राज्यको विषयलाई लिएर शेखर समूह कांग्रेसभित्र जनमत संग्रहको कुरा गर्दै आएको छ । डा. शशांक कोइरालाले पनि धर्मको विषयमा जनमत संग्रह गर्नुपर्ने वकालत गर्दै आएका छन् ।

प्रश्न उठ्ला- के जनमत संग्रह उपयुक्त उपाय हो ? २०३७ वैशाख २० गते हामीले पञ्चायतसँग सरदरमा ५४/४५ को दरले जनमत संग्रह हारेको इतिहास छैन र ? जनमत संग्रह कुनै देशको एक विशेष मुद्दामा मतदानद्वारा सल्लाह वा निर्णय गरिने प्रक्रियाका रूपमा परिभाषित छ । यसलाई लोकतन्त्रमा 'रिफेरेनडम' र निरंकुशतामा 'प्लेबीसाइट' भनिन्छ ।

राजनीतिक इतिहासमा जनमत संग्रहलाई लामो समयदेखि जनताको प्रत्यक्ष राजनीतिक सहभागिताको उपकरणका रूपमा प्रयोग गरिएको पाइन्छ । तर, यस विधिको प्रयोग अति संवेदनशील हुन्छ । नेपालमा भएको जनमत संग्रह पनि यथास्थिति केन्द्रित थियो भनिन्छ ।

पूर्वराजदूत एवं राजनीतिशास्त्रका प्राध्यापक लोकराज बरालका अनुसार 'तुलसी गिरी जनमत संग्रहका पक्षमा थिएनन् ।' उनले तत्कालीन समयमा भनेका थिए- 'साधनस्रोतको मुहान सुकेको भए फरक पर्थ्यो । उनका विचारमा विरोधीले कुनै सर्त नराखेर खुला चेक (ब्ल्यांक चेक) दिएकाले जनमत उल्टो गएको हो ।' यो डर नेपालमा विद्यमान छ। त्यसैले यस्तो जोखिमलाई बेवास्ता गर्नु हुँदैन ।

जनमत संग्रहको अवधारणाले लोकतान्त्रिक सिद्धान्तभित्र एउटा अस्पष्ट स्थान ओगटेको छ। एकातिर यो प्रत्यक्ष रूपमा नागरिकलाई सशक्त बनाउने अवधारणाबाट प्रेरित छ भने अर्कोतर्फ यसले संस्थागत सुरक्षालाई असहज बनाउने र राजनीतिक स्थिरतामा जोखिम निम्त्याएको विश्वका विभिन्न उदाहरण छन् । औपनिवेशिक दक्षिण एसियामा जनमत संग्रह प्रायः पूर्वनिर्धारित परिणामलाई निष्कर्ष दिन प्रयोग गरिएको इतिहास छ ।

उदाहरणका लागि बंगलादेशमा १९८२ मा एक अप्रत्याशित 'कू' का माध्यमबाट सत्ता लिएका लेफ्टिनेन्ट जनरल हुसेन मुहम्मद इर्सादले २१ मार्च १९८५ मा बंगलादेशमा सैन्य शासनमाथि जनमतसंग्रह गराएका थिए । जसमा लेफ्टिनेन्ट जनरल इर्सादको नेतृत्वमा सैन्य शासन जारी राख्न जनमतबाट सार्वजनिक स्वीकृति माग गरिएका थिए ।

इर्सादले धाँधलीपूर्वक ९४ प्रतिशत मत प्राप्त गरे । लगत्तै बंगलादेश पुनः आन्तरिक अस्थिरता र द्वन्द्वमा होमियो । त्यसको ६ वर्षपछि संवैधानिक व्यवस्था लागू गर्न अर्को जनमत संग्रह भयो । यसले राष्ट्रपतिलाई राष्ट्रध्यक्ष बनायो । प्रधानमन्त्रीका लागि कार्यकारी प्रमुखको व्यवस्था गऱ्यो ।

दक्षिण एसियाको अर्को एउटा दुर्लभ उदाहरण हो, भुटान । यसले आफ्नो नयाँ संविधानमाथि जनमत संग्रह गरेको थियो । राजसंस्था आफैंले राजाको प्रत्यक्ष शासनबाट संवैधानिक राजसंस्थासहित अग्रगामी व्यवस्थामा जनमत संग्रह गऱ्यो ।
अर्को नकारात्मक उदाहरण हो, पाकिस्तान । यसले धेरै जनमत संग्रह देखेको छ । जनताको इच्छालाई प्रतिविम्बित गर्नुभन्दा अधिनायकवादी शासनलाई वैधानिक बनाउन बढी काम गरेको छ । सन् १९७८ र १९८४ को जनरल जिया-उल-हकको र सन् २००२ मा परवेज मुसर्रफको जनमत संग्रह अपारदर्शी चुनावका कारणले अलोकप्रिय थिए । चुनावी सहभागिता बढाइएको थियो र विपक्षीलाई प्रतिबन्धित गरिएको थियो ।

सन् २०१४ मा स्कटल्यान्डमा स्वतन्त्रताका लागि शान्तिपूर्ण र सुव्यवस्थित जनमत संग्रहको उत्कृष्ट अभ्यास भयो । उत्तरदायी भावनाका साथ आफ्नो राष्ट्रको भविष्यका बारेमा जन-जनमा बहस पुग्यो । परिणाम स्वरूप युनाइटेड किङडममा बस्दा स्कटिस जनताको सम्मान हुने र देशको हित हुने निर्णय जनमत संग्रहबाट आयो ।

२०६२/६३ पछि नेपालमा बहुभाषी र जातीय तहमा अधिकारप्राप्त समाजमा जनमत संग्रहले बहुआयामिक समस्या निम्त्याउन सक्छ । बढ्दो विदेशी प्रभावले देशको अक्षुणता प्रभावित हुनै नसक्ला भन्न सकिँदैन । जनमत संग्रह देशमा लागेको रोगको अत्यन्त संवेदनशील शल्यक्रिया हो । कुनै पनि गलत निर्णयलाई उल्ट्याउन जनमत संग्रह गराउनु हुन्न ।

जनमत संग्रहलाई छोटो-छरितो उपायका रूपमा लिन हुँदैन । यसको अक्षुण आवश्यकता प्रमाणित गर्नुपर्छ । दक्षिण एसियाजस्तो अति राजनीतीकरण भएका सरकारी, निजी तथा गैरसरकारी संस्थामा के निष्पक्ष आयोग बनाउन सम्भव होला ? जनताको घर-घरमा यसको आवश्यकता पुष्टि गर्नुपर्छ । उदाहरणका लागि राजसंस्थाको विषयमा जनमतमा चाहिन्छ वा चाहिँदैन भन्ने उत्तर मात्र नभई तेस्रो उपाय पनि खुलाउनुपर्छ (जस्तै प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री) अनि मात्र जनमतको जनताको चाहनालाई प्रतिविम्बित गर्छ ।

लोकतान्त्रिक निर्वाचन प्रणाली भनेको नेतृत्व चयन मात्र नभई कस्तो प्रक्रिया र कस्ता-कस्ताका बीच प्रतिस्पर्धा भन्ने विषय धेरै सान्दर्भिक हुन्छ । किनकि जनमत संग्रहमा प्रक्रिया र प्रतिस्पर्धामा इमानदारिता भएन भने यो निष्पक्षताबिनाको सुनुवाइजस्तै हुन्छ । जोसेप सुम्पिटरदेखि हबर्मासस्मले भनेझैं 'लोकतन्त्र मतदानको कुल संख्याको विषय मात्र नभई विचार विमर्श, तर्क, संस्थागत मध्यस्थताको विषय पनि हो । जनमत संग्रहमा पूर्ण ज्ञानको कमी र मनोभावना हाबी भएमा तर्कको हार हुन्छ । तार्किक हार भएको लोकतन्त्र अपूर्ण हुन्छ । त्यसैले नेपालमा जनमत संग्रहको विषयलाई हल्का रूपमा राजनीतिक एजेन्डा बनाउँदा यसले प्रतिकूल व्यवस्था जन्माउने खतरा रहन्छ । त्यसो हुँदा यसमा कानुनी, दार्शनिक र राजनीतिक प्रभावको अनुमान नगरी यसमा कुनै पनि निर्णय दुर्घटना युक्त हुन जान्छ । राजनीतिक रूपमा जनमत संग्रह २०१४ को स्कटल्यान्डमा जसरी सहिष्णुता र स्थिरताको उपकरण बन्न पनि सक्छ वा पाकिस्तान र बंगालदेशजस्तो निरंकुश र अस्थिरता निम्त्याउन पनि सक्छ । नेपाल बहुजातीय, बहुभाषिक राष्ट्र हो ।

बहुधार्मिक, बहुसांस्कृतिक विशेषता छन् । ०६२/६३ को जनआन्दोलनले संघीयता, धर्मनिरपेक्षता, समावेशिताजस्ता सिद्धान्त अंगीकार गऱ्यो । यस्तो संवेदनशील सामाजिक बनोट भएको मुलुकमा धर्म, राष्ट्रिय पहिचान वा राज्यको संरचनाजस्ता विषय संवेदनशील हुन् । यिनमा जनमत संग्रह गर्दा विभिन्न समुदायबीच अविश्वास बढ्न सक्छ । तनाव, द्वन्द्व उत्पन्न हुन सक्ने गम्भीर खतरा रहन्छ । सामाजिक सद्भाव खल्बलिन सक्छ । बाह्य शक्तिको चलखेलको डर पनि रहन्छ ।

भूराजनीतिक स्वार्थले प्रक्रियालाई थप गिजोल्छ । जनमत संग्रह सिद्धान्ततः लोकतान्त्रिक उपकरण भए पनि लोकतन्त्रमा जसरी अलपमत वा अल्पसंख्यकको अधिकारलाई पनि सम्बोधन हुन्छ निश्चितताचाहिँ हुन्न । त्यसैले आलोचकहरूले जनमत संग्रहमा बहुमतको निरंकुशताको डर हुन्छ भन्ने व्याख्या पनि गरेको पाइन्छ । तुलसी गिरीले यसमा 'ब्ल्यांक चेक' को प्रयोग भएको भनेझैं यसलाई प्रभावमा पर्न भ्रमको प्रयोग भएको धेरै विश्व उदाहरणहरू पनि छन् । त्यसैले जनमत संग्रहमा विषयगत ज्ञान जनतामा हुन जरुरी छ ।

जनमत संग्रह सरकार पक्ष र जनताका बीचको विवाद वा द्वन्द्व व्यवथापनको शान्तिपूर्ण उपकरण भए पनि यसको प्रयोग विधि, परिस्थिति र नियतमा निर्भर गर्दछ । यो रचनात्मक पनि हुन सक्छ, विनाशकारी पनि । नेपालजस्तो जटिल संक्रमणबाट गुज्रिरहेको राष्ट्रले सावधानी अपनाउनुपर्छ । कुनै पनि विषयमा जनमत संग्रहमा जानुपूर्व त्यसको अपरिहार्यता बुझ्नुपर्छ ।

संवैधानिक कानुनी आधार हेर्नुपर्छ । सम्भावित सकारात्मक/नकारात्मक परिणामको आकलन गर्नुपर्छ । राष्ट्रिय हितमा पर्ने दूरगामी प्रभावको गहन विश्लेषण गरिनुपर्छ । यो वस्तुनिष्ठ, निष्पक्ष हुनुपर्छ राजनीतिक नेतृत्वको क्षणिक लोकप्रियता वा दबाबमा निर्णय हुनु हुँदैन ।

राष्ट्रको दीर्घकालीन स्थायित्व, समृद्धि, सामाजिक सद्भावलाई केन्द्रमा राख्नुपर्छ । लोकतान्त्रिक मूल्यको सम्वर्द्धनलाई ध्यान दिनुपर्छ । लोकतन्त्रको वास्तविक सौन्दर्य निरन्तरको संवादमा छ । सहिष्णुता, विवेकपूर्ण निर्णय प्रक्रियामा यो निहित छ, आवेगपूर्ण विभाजनकारी अभ्यासमा होइन ।

## बेदकोट पूर्ण खोप...

रुपमा खोप पाएकाले यस वर्ष जिल्लामै पहिलो पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा पालिका गरिएको पालिकाको स्वास्थ्य शाखाका प्रमुख हरिसा पालले जानकारी दिइन् ।

सर्वेक्षणको क्रममा १६ देखी ५९ महिनाका ५२ जना बालबालिका र १५ महिना मुनिका ६ जनाले आंसिक र नियमित खोप लगाउन छुट भएको पाइएको स्वास्थ्य शाखा प्रमुख पालले जानकारी दिइन्। पालले भनिन् 'सर्वेक्षण पश्चात् सबै बालबालिकाहरूलाई छुट खोप पूर्ण रूपमा प्रदान गर्न सफल भएका छौं ।'

स्वास्थ्य मन्त्रालयको खोप तथा रोग नियन्त्रण महाशाखाले तय गरेका मापदण्डहरू पूरा गरेपछि पालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरेको उनले जानकारी दिइन् ।

नगरपालिकामा नौ सय १७ जना बालबालिकाले आवश्यक सबै नियमित खोप पाइरहेको जनाइएको छ । यहाँका बालबालिकाको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै स्वास्थ्यकर्मीहरू, महिला स्वास्थ्य स्वयंसेविका, अभिभावक तथा सरोकारवाला निकायहरूको संयुक्त प्रयासमा पूर्ण खोप अभियानलाई सफल भएको बेदकोट नगरपालिका नगर प्रमुख भोजराज बोहराले बताए ।

बालबालिकाले उमेर समुह अनुरुप पाउनु पर्ने पूर्ण खोप झाडापाखाला विरुद्ध, पोलियो, दादुरा, बिसिजी, डिपिटी, पिसिजी, एमआर, टिटानस जस्ता घातक रोगहरूबाट बचाउने भएकोले यसको पहुँच सबैसम्म पुरयाउनु अत्यन्त जरुरी रहेको उनले बताए ।

## कागज र भाषणमा....

राखिन्छ । त्यसको प्रतिनिधित्व निर्वाचित जनप्रतिनिधिबाट राय, सुझाव तथा योजनाको माग र अध्ययन गरेर बजेट ल्याइन्छ भनिए पनि बजेटमा प्रायः जनप्रनिनिधिहरू नै सन्तुष्ट भएको पाइँदैन । जे भए पनि आगामी आर्थिक वर्षका लागि बजेट आएको छ, अहिलेलाई त्यसमै खुसी मानौं ।

बजेट त आयो तर कार्यान्वयन पक्ष सधैं उही फितलोको फितलै । चालु आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्ब ३० करोडको बजेट संसद्मा पेस भए पनि मध्यावधि समीक्षा गर्दै बजेटको आकार १६ खर्ब ९२ अर्ब रुपैयाँ कायम गरिएको थियो । यहींबाट पनि थाहा हुन्छ कि सरकारको खर्च गर्ने क्षमता । आर्थिक वर्ष २०८२-८३ का लागि कुल बजेट रकममध्ये विकास खर्च पनि भनिने पुँजीगत खर्चमा ४ खर्ब ७ अर्ब (२०.८ प्रशित) छुट्याइएको छ भने चालु खर्चमा ११ खर्ब ८० अर्ब (६०.१ प्रतिशत) छुट्याइएको छ । विभिन्न ऋण तथा ब्याज तिर्नका निम्ति वित्तीय व्यवस्थाअन्तर्गत ३ खर्ब ५७ अर्ब रुपैयाँ (१९.१ प्रतिशत) छुट्याइएको छ । यो अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी हो । त्यस्तै प्रदेश तथा स्थानीय तहका निम्ति वित्तीय हस्तान्तरणअन्तर्गत ४ खर्ब १७ अर्ब ८३ करोड रुपैयाँ छुट्याइएको छ ।

बजेटमा उल्लिखित रकम जुटाउन अर्थमन्त्री पौडेलले १३ खर्ब १५ अर्ब रुपैयाँको राजस्व उठ्ने अनुमान गरेका छन् । त्यस्तै वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड रुपैयाँ जुट्ने अनुमान गरेका छन् । त्यसपछि नपुग हुने ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँका लागि अर्थमन्त्रीले विदेशी ऋणमार्फत झन्डै २ खर्ब ३३ अर्ब र आन्तरिक ऋणबाट झन्डै ३ खर्ब ६२ अर्ब उठाउने अनुमान गरेका छन् । अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष ६ प्रतिशतको आर्थिक वृद्धिदर हुने आकलन गरेका छन् भने चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहने अनुमान पेस गरेका छन् । गत वर्षको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको छ । यो आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ । यी त भए अर्थतन्त्रको अहिले र आगामी आर्थिक वर्षका लागि अनुमान ।

बजेट कार्यान्वयनको पक्ष हेर्ने हो भने हाम्रो बजेटीय सुशासनको ठूलो चुनौती विकास खर्च समयमै गर्न नसक्नु हो । मुलुकको बजेट सुशासन कमजोर छ । वार्षिक बजेट तर्जुमा गर्ने, त्यसको कार्यान्वयनको अनुगमन गर्ने र सार्वजनिक लक्ष्यसँग यसको पंक्तिबद्धता सुनिश्चित गर्ने प्रक्रियामा चुकिरहेका छौं ।

## २०८२ यस्तो छ तपाईको राशिफल — जेठ २५

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
द्वेष वा ईर्ष्या गर्नेहरुले हार खानेछन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला, बिस्तारै फाइदा हुनेछ।

**(वृष)** इ. उ. ए. ओ. वा. वि. वु. वे. वो
चलश्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य नपाइने परिस्थिति देखिन्छ। आक्षेप लगाउनेहरु सक्रिय हुनेछन् ।

**(मिथुन)** का. कि. कु. घ. ङ. छ. के. को. ह
मनपर्ने भौतिक साधन जोड्ने समय छ। आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ। मनग्य धनलाभ हुनेछ।

**(कर्कट)** हि. हु. हे. हो. डा. डि. डु. डे. डो
चुनौती चिर्दै काम बनाउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ भने पराक्रम द्वारा अधिकार स्थापित गर्न सकिनेछ।

**(सिंह)** मा. मि. मु. मे. मो. टा. टि. टु. टे
सहयोगीहरुले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरुलाई पार लगाउन सकिनेछ। गोप्य रहस्य पत्ता लाग्नेछन् ।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ।

**(तुला)** रा. री. रु. रे. रो. ता. ती. तु. ते
विभिन्न सहयोग र उपहार पाइनेछ। कामको चाप र थकाइबाट मुक्त रही विश्राम पाइनेछ। आयआर्जन पनि राम्रै हुनेछ।

**(वृश्चिक)** तो. ना. नि. नू. ने. नो. या. यि. यू
नसोचेको धन लाभ हुन सक्छ। तापनि सानातिना समस्याले अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
ठाँटिएर सान, मान प्राप्त गर्न सकिनेछ। रमाइलो ब्यावसायिक यात्रा हुन सक्छ। अतिथिका रुपमा सत्कार समेत पाइएला।

**(मकर)** भो,जा,जी,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
गोपनीयतामा ध्यान पुर्याउनुहोला। काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ।

**(कुम्भ)** गु. गे. गो. सा. सी. सु. से. सो. द
एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला मिल्नेछ ।

**(मीन)** दी. दू. थ. झ. ञ. दे. दो. च. ची
सुखदुःखमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन्। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ।

# शैक्षिक गुणस्तर सुधारका लागि कन्चनपुरमा सुझाव सङ्कलन

कञ्चनपुर । शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले कञ्चनपुरका पालिकाहरूमा विद्यालय शिक्षा र शिक्षक व्यवस्थापन विषयमा सुझाव सङ्कलनको कार्य गरेको छ ।

जिल्लाका शुक्लाफाँटा, बेदकोट, कृष्णपुर, बेलौरी, पुनर्वास नगरपालिका, बेलडाँडी र लालझाडी गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुखहरू, तीन वटै नगरपालिकाका सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरूबाट शुक्लाफाँटा र बेलौरी नगरपालिकामा कार्यक्रमको आयोजना गरी सुझाव सङ्कलनको कार्य गरेको हो ।

सङ्कलित सुझावहरूलाई विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि बन्ने नीति नियममा समावेश गरिने भएको छ । योसँगै आगामी वर्षका सङ्घीय सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नका लागि प्रस्ताव गरिने शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरका निर्देशक रामप्रसाद शर्माल बताए ।

पालिकास्तरमा विद्यालयमा शिक्षा र शिक्षक व्यवस्थापन सम्बन्धमा कार्यक्रमको आयोजना गरी राय, सुझाव सङ्कलनको कार्य गरिएको छ । 'कार्यक्रममा शिक्षा मन्त्रालय, शिक्षा विभागले गर्दै आएका र भावी दिनहरूमा लागु गर्नसक्ने योजनाका बारेमा छलफलसँगै राय सुझाव सङ्कलनको कार्य गरेका छौँ' उनले भने, 'कार्यक्रममा महत्वपुर्ण सुझावहरू आएका छन्, सुझावलाई आगामी योजनामा समावेश गर्नका लागि पहल गर्छौं ।'

पालिकास्तरका कार्यक्रममा सहभागीहले पाठ्यक्रमलाई व्यवहारिक र जीवनोपयोगी बनाउने, स्थानीय भाषा, संस्कृति र सीपहरू समावेश गर्ने, प्रविधिमैत्री शिक्षण विधि प्रयोग गर्ने, विद्यार्थीको सक्रिय सहभागितामा हुने शिक्षण शैलीको विकास गर्ने, शिक्षकको नियमित प्रशिक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु पर्ने लगायत सुझाव दिएको उनले बताए ।

शिक्षक दरबन्दी यथेष्ट बनाउने र रिक्त दरबन्दी तत्काल पूर्ति गर्ने, शिक्षक मुल्याङ्कन प्रणालीलाई पारदशी र गुणस्तरीय बनाउने, शिक्षकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गर्ने, विद्यार्थीको आवश्यकता पहिचान गरी व्यक्तिगत सहायता प्रदान गर्ने, सिकाइ मुल्याङ्कनलाई निरन्तर समावेशी बनाउन सुझाव दिइएको छ ।

कार्यक्रममा शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, खेलमैदान जस्ता आधारभुत पुर्वाधारको व्यवस्था गर्ने, शैक्षिक सामग्री तथा प्रविधि पहुँच सजिलो बनाउने, विद्यालय विकास योजना बनाउँदा समुदायको सहभागिता सुनिश्चित गर्ने, स्थानीय तह र विद्यालयबीच समन्वय सुदृढ गर्ने, विद्यालय व्यवस्थापन समिति प्रभावकारी बनाउने, शिक्षा नीति कार्यान्वयनमा निगरानी तथा जवाफदेहीताको सुनिश्चित गर्ने लगायत सुझाव सङ्कलन गरिएका छन् ।

सुझाव सङ्कलन कार्यक्रममा सहभागीपूर्व संविधानसभा सदस्य तथा राष्ट्रिय माध्यमिक विद्यालय पहरिया कृष्णपुरका अध्यक्ष कमल ठकुल्लाले विद्यालय सुधार योजना बनाई लागु गर्नुपर्ने बताए । उनले शिक्षामा देखा परेका नीतिगत र कानुनी अड्चनलाई हटाउनका लागि सुझाव दिए ।

शुक्लाफाँटा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख टिकेन्द्रराज भट्टले नगरपालिकामा रहेका सामुदायिक विद्यालयमा शिक्षकदरबन्दी मिलान, प्रधानाध्यापकहरूको तहगत मिलनसँगै विद्यालय समायोजनको कार्य गरिएको बताए। विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई तालिम दिनुका साथै स्थानिय पाठयक्रम निर्माण गरी विद्यालयमा लागु गरिएको उनले बताए ।

शिक्षा विकास तथा समन्वय एकाइ कञ्चनपुरका प्रमुख लक्ष्मण गिरीले शिक्षक व्यवस्थापन सुधार गर्नुनै विद्यालय शिक्षाको गुणस्तर बढाउने उपायका रूपमा रहेको चर्चा गर्नुहुँदै व्यवहारिक सिकाइसँगै प्रविधिको प्रयोग र विद्यार्थी केन्द्रीकृत शिक्षण विधिलाई अङ्गाल्नु पर्ने सुझाव दिए ।

कार्यक्रममा मानव स्रोत विकास केन्द्र सानोठिमीका निर्देशक शर्माले शिक्षकहरू तथा व्यवस्थापन समितिका अध्यक्षहरूले उठाएका प्रश्नहरूको जवाफ दिनु हुँदै सङ्कलन गरेका सुझावलाई सिकाइका रूपमा लिइने र आवश्यक सुझावलाई आगामी योजना बनाउनका लागि लागि उपयोगी भएको बताए ।

# शिक्षा विधेयक असार १५सम्म पास हुन्छ : शिक्षामन्त्री पन्त

काठमाण्डैं । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८०)' आगामी असार १५ गतेसम्ममा सङ्घीय संसद, प्रतिनिधिसभाबाट पास हुने दाबी गरेका छन् ।

प्रारम्भिक बालविकासका लागि सङ्घीय सांसदहरुको सहकार्य र समन्वय समूहले आयोजना गरेको 'प्रारम्भिक बालविकास सम्बन्धी परामर्श कार्यक्रम' मा उनले विधेयक पारित गर्न तीव्रताका साथ काम गरिरहेको उल्लेख गरे ।

शिक्षामन्त्री पन्तले भने, "शिक्षा विधेयकमा सबैका जायज माग सम्बोधन हुन्छन्, सोही अनुसार काम भइरहेको छ, आगामी असार १५ गतेसम्म प्रतिनिधि सभाबाट विधेयक पारित हुन्छ ।" उनले विधेयकमा शिक्षकका माग सम्बोधन गर्न दरबन्दी मिलान र विद्यालय गाभ्ने विषयमा मन्त्रालयले काम गरिरहेको पनि जानकारी दिए ।

सरकार र शिक्षक बीचमा विगतमा भएका सहमतिलाई पनि सम्भव भएसम्म विधेयकमा समावेश गर्ने उनको भनाइ छ । शिक्षामन्त्री पन्तले भने, "समय सापेक्ष कानुन संशोधन गर्दै जाने हो, युगको आवश्यकता अनुसार सम्बोधन गर्दै जानुपर्छ ।" संविधानको मर्म र अर्थतन्त्रले धान्न सक्ने माग सम्बोधन हुने उनको भनाइ छ ।

"जुन दिन शिक्षकहरुसँग सम्झौता भएको थियो, मैले त्यही दिन सार्वजनिक रुपमा नौ बुँदे सहमति नगद हो भनेको थिएँ, उक्त सहमति आगामी साउनदेखि लागु हुन्छ", शिक्षामन्त्री पन्तले भने, "उहाँहरुका जायज माग सम्बोधन हुन्छ ।" मुलुकको शिक्षा प्रणालीलाई सुधार गर्ने विषयमा उपयुक्त, वैज्ञानिक र आर्थिक रुपमा धान्न सक्ने सुझावलाई सरकारले ग्रहण गर्ने उनले उल्लेख गरे ।

उनले भने, "प्रारम्भिक बाल विकासलाई शिक्षा प्रणालीभित्र कसरी समावेश गर्ने र सम्रग बालबालिकाको विकासलाई कसरी नीतिगत रुपमा समावेश गर्नेभन्ने कुरामा हामी पहिला प्रष्ट हुनुपर्छ ।"

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना समितिका सभापति अम्मर बहादुर थापाले प्राथमिकताको आधारमा शिक्षा प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिए ।

कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुसुमदेवी थापाले सरकारले बालबालिकाको प्रारम्भिक विकाससँगै अन्य विषयमा पनि ध्यान दिनुपर्ने धारणा राखिन ।

नेपाली कांग्रेसका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य जीवन परियारले बालबालिकाको विकासको निम्ति प्रारम्भिक बालविकाससँगसम्बन्धी छुट्टै ऐन बनाउनु पर्ने विषयमा शिक्षामन्त्रीको ध्यानाकर्षण गराए ।

# महिलालाई कुटपिट गर्ने प्रहरी जिल्लामा तानिए

धनगढी । टीकापुरको सत्ती सत्ती प्रहरी चौकीका इन्चार्ज प्रहरी नायब निरीक्षक (सई) यज्ञराज पन्तले स्थानीय एक महिलामाथि कुटपिट गरेका छन् । टीकापुर घर भई हाल जागिरको सिलसिलामा धनगढीमा बस्दै आएकी राजकुमारी कुँवर शाहलाई सई पन्तले कुटपिट गरेका हुन् । उनले कुटपिट गर्दै गरेको भिडियो सार्वजनिक भएपछि घटना बाहिर आएको हो ।

सुरक्षा जाँचका क्रममा शाह र प्रहरीबीच विवाद भएको बुझिएको छ । त्यस क्रममा शाहले 'त भनेको भन्दै प्रहरीले उनीमाथि कुटपिट गरेको खुलेको हो । 'सत्ती प्रहरी चौकीको बिटमा रोकिएर पानी खान छेवैमा रहेको धारामा गएकी थिए । मसँग १६ वर्षीय बाबु पनि थियो, बाबु स्कुटीनेर रोकिरहेको थियो । चौकीका प्रहरीले मेरो बाबुलाई लाइसेन्स, ब्लुबुक माग्ने थालेका थिए । मैले टाढैबाट देखेर मैले हो चलाएको, कागजपत्र मसँग छन् भन्दै थिएँ,' राजकुमारीले भनिन् 'अलि दुर्व्यवहारको हाउभाउमा प्रस्तुत भएपछि सादा पोसाकमा रहेको ती प्रहरीलाई मैले को हो तिमी भनेको हुँ । सादा पोसाकको व्यक्तिले धेरै केरकार गर्न थालेपछि शंका लागेको हो र प्रहरी भनेर चिन्ने कुरा पनि भएन । त्यसपछि त उसले सिधै लछारपछार गर्दै कुटपिट गरे ।'

घटना सार्वजनिक भएपछि शुक्रबार राति १२ बजेसम्म इलाका प्रहरी कार्यालय टीकापुरमा मिलापत्र गराउन विभिन्न व्यक्तिहरुले आफुलाई निकै दबाब दिएको राजकुमारीले बताइन् । 'मैले मान्दै मानिन, कारबाही हुनुपर्ने अडान लिएँ,' उनले भनिन् ।

महिलामाथि कुटपिटको घटना सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय कैलालीले घटनाको छानबिन गर्न समिति गठन गरेको जनाएको छ । प्रहरी नायव उपरीक्षक राजकुमार सिंहको नेतृतवमा गठित पाँच सदस्यीय छानबिन समितिले सई पन्त र हवल्दार बोहरालाई जिल्ला झिकाइएको कैलाली प्रहरीले जनाएको छ । प्रहरी नायब उपरीक्षक सिंहले राजकुमारी सिंहसँगै रहेको १६ वर्षीय किशोरले तीव्र गतिमा स्कुटी चलाएर ल्याएपछि **(बाँकी३पेजमा)**

Local Government

## Shivanath Rural Municipality

## Office of The Rural Municipal Executive

Shivanath, Baitadi

Sudurpaschim Province, Nepal

### Notice for Invitation of the SEALED QUOTATION

**First Date of publication: 2082/02/25** (8th June 2025AD)

Shivanath Rural Municipality Office of The Rural Municipal Executive Shivanath, Baitadi invites Notice for Invitation of the Sealed Quotation from eligible bidders for the procurement of following Goods mentioned below.

| S. N | Scope of Supply | Contract Identification No. | Estimated Amount | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1. | Procurement, Supply and Delivery of Newton B /Square Type Hive with Mauri Gola & Complete Accessories | 01/SRMUN/GOODS/ SQ/2081/2082 | NRs **19,60,000/-** | NRs.**58,000/-** | 2082/03/09 BS (23th June 2025AD)12:00 Noon | 2082/03/09 BS (23th June 2025AD) 13:00PM, At Shivanath Rural Municipality Office, Shivanath, Baitadi |

Bank Information

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Nepal SBI Bank Branch Shivanath Baitadi | **For Bid Document fee ( Aantarik RajaswaKhata) 41895241207004 For Bid Security Deposit ( Dharauti Khata) 41825240600003** | NRs.1000.00/- (One Thousand Only) for Sealed Quotation |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, Email: ito.shivanathmun@gmail.com, Phone no. 9858782964,9848807264 or may visit https://shivanathmun.gov.np
2. Sealed Quotation must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through by hand on before12:00 Noon on 2082/03/09 BS (23th June 2025AD).Bids received after this deadline will be rejected.
3. Bids must be valid for a period of 45 (Forty Five) days after bid opening and must be accompanied by a bid security amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
4. Shivanath Rural Municipality Office, Shivanath Baitadi, reserve the right to accept or reject ,wholly or partly any or all the bids without assigning reason, whatsoever.
   In case of discrepancy or error in Sealed Quotation notice, bid document and other document of **Scope of Supply** mentioned above of Shivanth Rural Municipality reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the local level national daily newspaper, notice board of the Office.
5. If the last date of bid purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## नेपाल रेडक्रस सोसाइटी

कैलाली जिल्ला शाखा

### शिलबन्दी टेण्डर आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/२५

नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाद्धारा संचालित तातो हावा प्रतिकार्य परियोजनाबाट तपसिलको सामाग्रीहरु खरिद गर्नुपर्ने भएको हुदाँ आपुर्ति गर्न सक्ने भ्याट दर्ता भएका ईच्छुक फर्म/बिक्रेता/सप्लायर्सहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (कार्यालय समय भित्र) नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखामा प्राप्त हुने गरी शिलबन्दी टेण्डर आव्हान गरिएको छ । शिलबन्दी टेण्डर दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्बन्धी कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ । दर्ता भएका शिलबन्दी टेण्डर पेश गर्ने अवधि समाप्त भएको भोलीपल्ट दिनको ३:०० बजे भएका टेण्डरदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखा कार्यालय धनगढीमा खोलिनेछ तर टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएको कारणले मात्र टेण्डर खोल्न बाधा पर्ने छैन । टेण्डर फारामहरु जिल्ला शाखाबाट उपलब्ध गराइनेछ ।

**नेपाल रेडक्रस सोसाइटी**
**कैलाली जिल्ला शाखा**
**०९१-५२१३३३**

**शर्त तथा संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु:**

- दररेट राख्दा ढुवानी सहितको मुल्य समाबेश गर्नु पर्नेछ
- इेलेक्ट्रिक स्टेण्ड पंखा
- थर्मस १ लिटरको
- दररेट राख्दा सामाग्रीहरुको ब्राण्ड अनिवार्य खुलाउनु पर्नेछ ।
- सामाग्रीहरुको ग्यारेन्टि/वारेण्टि खुलाउनु पर्नेछ
- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- फर्म नवीकरण गरेको प्रतिलिपि
- VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि




धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्धारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipost.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी